नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
जिल्ला विकास समितिको कार्यालय
मन्थली, रामेछाप

पत्र संख्याः २०७१/७२
चलानी नं.

मितिः- २०७१/०५/०९

विषयः- वार्षिक समीक्षा प्रतिवेदन सारांश सार्वजनिक गरिएको बारे ।

यहि मिति २०७१ साल श्रावण २८ र २९ गते स्थानीय विकास अधिकारी श्री टेकराज निरौलाज्यूको अध्यक्षतामा जिल्लास्थित सम्पूर्ण सरोकार निकायहरूको सहभागितामा आर्थिक वर्ष २०७०/७१ को वार्षिक समीक्षा भएको हुँदा उक्त समीक्षाबाट अएको समीक्षा निष्कर्ष/साराशं यसैपत्रसाथ संलग्न गरी जिविसको सूचना पाँटीमा र जिविसको वेभसाइट www.ddcramechhap.gov.np मा समेत राखि सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

...................

(टेकराज निरौला)
स्थानीय विकास अधिकारी
स्थानीय विकास अधिकारी

# आर्थिक वर्ष २०७०/७१ को

# वार्षिक समीक्षा गोष्ठीको सारांश

# जिल्ला विकास समितिको कार्यालय

## मन्थली, रामेछाप

# आर्थिक वर्ष २०७०/७१ को वार्षिक समीक्षा गोष्ठीको साराशं

जिल्ला विकास समितिको हलमा २ दिनसम्म सञ्चालिन वार्षिक समीक्षा गोष्ठिमा जिल्लााका सरकारी कार्यालय तथा संघ संस्थाहरुले आ.व.२०७०/७१ मा आफ्नो कार्यालयले सञ्चान गरेका कार्यक्रमहरुको वित्तिय तथा भौतिक प्रगति प्रस्तुत गरेका थिए । यस क्रममा प्रस्तुति प्रतिवेदनमाथि सहभागीहरुले उठाएका जिज्ञासाहरुको विषयमा सम्वन्धित कार्यालयका प्रमुखहरुले जवाफ दिनुभएको थियो । गोष्ठीमा विभिन्न कार्यालयले प्रस्तुत गरेका समीक्षा प्रतिवेदको सारांश, प्रतिवेदनमाथि सहभागीहरुले उठाएका जिज्ञासा, कार्यालय प्रमुखका जवाफ, समीक्षामा प्रस्तुत महत्वपूर्ण विषय र निर्णयहरु एवं सहभागीहरुका सुझावहरु देहाय वमोजिम रहेका थिए ।

| सरकारी कार्यालय तर्फ | | गैर सरकारी संस्था तर्फ | |
|---|---|---|---|
| समीक्षाको लागि आमन्त्रण गरिएका कार्यालय संख्या: | २१ | समीक्षाको लागि आमन्त्रण गरिएका संघ संस्था संख्या: | २६ |
| उपस्थित प्रतिवेदन पेश गर्ने कार्यालय संख्या: | १४ | उपस्थित प्रतिवेदन पेश गर्ने संघ संस्था संख्या: | २१ |
| अनुपस्थित प्रतिवेदन पेश नगर्ने कार्यालय संख्या: | ७ | अनुपस्थित प्रतिवेदन पेश नगर्ने संघसंस्था संख्या: | ५ |

| सहभागी संख्या: | | |
|---|---|---|
| | २०७१ श्रावण २८ गते | २०७१ श्रावण २९ गते |
| महिला: | ६ | ५ |
| पुरुष: | ८३ | ६१ |
| जम्मा | ८९ | ६६ |

## १.समीक्षा गोष्ठीको सारांश र सुधारका लागि सुझावहरु (सरकारी कार्यालय तर्फ)

| क.सं. | कार्यालय | समीक्षामा उठेका सवाल | सम्वन्धित कार्यालयका जवाफ तथा समाधानका उपायहरु | समग्र प्रगति |
|---|---|---|---|---|
| १. | जिविसको कार्यालय | • अनुगमन प्रभावकारी बनाउने,<br>• DTMP मा परेका सडकको कार्यान्वयन नभएको,<br>• सुनौला हजार दिनको वजेट फिज भएको,<br>• आवधिक योजना अनुरुप योजना तर्जुमा र समीक्षा हुनुपर्ने | • अनुगमनलाई अझ प्रभावकारी बनाउन श्रोत परिचालन कार्यविधिअनुसारको कार्यतालिकाको अनुशरण गर्ने,<br>• DTMP मा परेका सडकहरुमा मात्र योजना कार्यान्वयनमा सवैको सहयोग हुनुपर्ने ।<br>• मन्त्रालयवाट संस्था छनौट र जनशक्ति खटाउन ढीला भएको कारण कार्यान्वयन हुन नसकेको,<br>• आ. व.०७०।७१ को योजना तर्जुमा देखि सुरुवात गरिएको र समीक्षाको प्रतिवेदन समेत सोही अनुरुप तयार गर्ने प्रयत्न भईरहेको । | सन्तोषजनक रहेको |
| २. | जिल्ला कृषि विकास कार्यालय | • जनशक्तिको अपर्याप्तता र कम दक्षता<br>• स्थानीय स्तरका बाली विशेषका समस्याहरु समयमै समाधान हुन नसक्नु,<br>• स्थानीय स्वायत्त शासन अर्न्तगत निक्षेपण कार्यक्रम एकद्वार नीति अनुसार लागु हुन नसकेको । | • कृषि कार्यालयमा कार्यरत दरवन्दी अनुसारको पदपूर्ति हुनुपर्ने र सेवा केन्द्रस्तरीय प्राविधिक कर्मचारीहरुको सेवा स्थानीय बाली विशेषका समस्या निवारण गर्न सक्षम हुनुपर्ने ।<br>• गाविसमा गठन भएका कृषि समितीहरुको क्षमता बढाउने र यिनै समिति मार्फत एकद्वार नीतिलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने । | सन्तोषजनक रहेको |
| ३. | जिल्ला पशु सेवा कार्यालय | • कृत्रिम गर्भाधारण प्रभावकारी नभएको,<br>• निक्षेपणको मर्म अनुसार स्थानीय स्वयत्त शासन अर्न्तगत निक्षेपण कार्यक्रम एकद्वार नीति अनुसार लागु हुन नसकेको ।<br>• युवा स्वरोजगार कार्यक्रमको प्रभावकारिता नभएको | • कृत्रिम गर्भाधारणको प्राविधिक पक्षलाई सुधार गर्नुपर्ने र जनचेतना बढाउनुपर्ने ।<br>• गाविसमा गठन भएका कृषि समितीहरुको क्षमता बढाउने र यिनै समिति मार्फत एकद्वार नीतिलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।<br>• सर्वपक्षिय अनुगमन गरी कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्ने । | सन्तोषजनक रहेको |
| ४. | घरेलु तथा साना उद्योग | • सीपमूलक कार्यक्रमका प्रशिक्षार्थी | • छनौट भएका गाविसमा पि.आर.ए. गरी लक्षित घरधुरी छनौट | सन्तोषजनक |



स्थानीय विकास अधिकारी

# आर्थिक वर्ष २०७०/७१ को वार्षिक समीक्षा गोष्ठीको सारांश

| क.सं. | कार्यालय | समीक्षामा उठेका सवाल | सम्बन्धित कार्यालयका जवाफ तथा समाधानका उपायहरु | समग्र प्रगति |
|---|---|---|---|---|
| | विकास समितिको कार्यालय | सहभागी छनौटका आधारको प्रभावकारिता | गर्ने र छनौट भएका समूहले रोजेको सीपविकास तालिम दिने गरिएको । | रहेको |
| ५. | कृषि विकास बैंक | • ग्रामीण क्षेत्रमा लगानी सेवा प्रवाह हुन नसकेको | • जनताको माग बमोजिम बैंक नियमानुसार सेवा प्रवाह गरिने । | सन्तोषजनक रहेको |
| ६. | मध्यमाञ्च सिंचाई विकास डिभिजन नं. २, सिन्धुली | • आयोजनामा जनसहभागिता नजुट्नु । | • केन्द्रबाट तोकिएका आयोजना कार्यान्वयन गरिएकोले जनसहभागिता नजुटेको हुँदा जिविसबाट गरिने जनसहभागिता योजना तर्जुमा पद्धति अनुरुप योजना छनौट गर्नुपर्ने । | सन्तोषजनक रहेको |
| ७. | **डिभिजन सहकारी कार्यालय, चरिकोट** | • | • | अनुपस्थित |
| ८. | जिल्ला वन कार्यालय | • वन क्षेत्र कम (३४.६ % मात्र) भएको,<br>• जिल्ला माथिल्लो भूभागमा सरकारी वन क्षेत्रको तिव्र फडानी | • कम्तिमा ४० % वन क्षेत्र पुन्याउनुपर्ने ।<br>• पूर्वाधार निर्माणका कार्यक्रमहरुमा IEE लगायतका वातावरण संरक्षणका विधि अवलम्बन गरिनुपर्ने ।<br>• स्थानीय स्तरका वनमा आधारित उद्यम व्यवसायहरुलाई व्यवस्थित रुपमा संचालन गरिनुपर्ने । | सन्तोषजनक रहेको |
| ९. | **गौरीशंकर संरक्षण क्षेत्र** | • | • | अनुपस्थित |
| १०. | जिल्ला भू-संरक्षण कार्यालय | • स-साना टुक्रे योजनाको अधिकता | • एकिकृत र बृहत् आयोजनाहरु संचालन गर्नुपर्ने । | सन्तोषजनक रहेको |
| ११. | जिल्ला स्वास्थ्य कार्यालय | • पोष्टमाटम गृहबाट सेवा प्रवाह नभएको,<br>• सेवाप्रवाह प्रभावकारी हुन नसकेको | • पोष्टमाटम गृहको काम सम्पन्न भएको ठेकेदारबाट यथाशिघ्र हस्तान्तरण गराई सेवा प्रवाह शुरु गर्नुपर्ने ।<br>• स्वीकृत दरबन्दी अनुरुप जनशक्ति हुनुपर्ने । | सन्तोषजनक रहेको |
| १२. | जिल्ला शिक्षा कार्यालय | • बहुभाषिक शिक्षा प्रणाली लागू हुन नसकेको,<br>• विद्यालयमा जाने बजेटको पारदर्शिता,<br>• विषय शिक्षकको दरबन्दी मिलान र प्र. अ. नियुक्ति, | • माग भएमा लागू गर्न सकिने,<br>• जनशक्तिको अभावमा व्यवस्थापन गर्न जटिल भएको, हाल बैंक स्टेटमेन्ट र कार्यालयको अभिलेखमा हेर्न सकिने,<br>• दरबन्दी मिलानको लागी प्रयत्न भईरहको र नियमावली अनुसार प्र.अ. नियुक्तिको प्रकृया अविलम्ब अगाडी बढाईने । | सन्तोषजनक रहेको |
| १३. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | • आयुर्वेदको प्रचार प्रसारमा कमी,<br>• विद्यालयमा आयुर्वेद शिक्षा | • आगामी दिनमा प्रचार प्रसारलाई थप प्रभावकारी बनाइने ।<br>• जिल्ला शिक्षा कार्यालयसँग समन्वय गरी कार्यान्वयन गर्न सकिने । | सन्तोषजनक रहेको |
| १४. | महिला तथा बालबालिका कार्यालय | • महिला हिंसामुक्त गाविस घोषणा, | • महिला हिंसामुक्त गाविस घोषणा गर्न सबैको सहयोग आवश्यक रहेको, | सन्तोषजनक रहेको |
| १५. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | • अधिक बजेट फ्रिज भएको | • बृहत् खानेपानी आयोजना सम्झौता हुन नसकेको,<br>• पकरबास खानेपानी योजनाको स.ई. मात्र भएको बाँकी काम कार्यान्वयन हुन नसकेको | सन्तोषजनक रहेको |
| १६. | **जिल्ला खेलकुद विकास समिति** | • | • | अनुपस्थित |
| १७. | **डिभिजन सडक कार्यालय, चरिकोट** | • | • | अनुपस्थित |
| १८. | **शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, धुलिखेल** | • | • | अनुपस्थित |
| १९. | **नेपाल विद्युत प्राधिकरण** | • | • | अनुपस्थित |
| २०. | नेपाल टेलिकम | • इन्टरनेट प्रभावकारी नभएको | • प्रविधि पुरानो भएको, अप्टिकल नेटवर्क संचालन गर्ने क्रममा रहेको । | सन्तोषजनक रहेको |
| २१. | **जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय, भक्तपुर** | • | • | अनुपस्थित |

- बार्षिक समिक्षा गोष्ठी कार्यक्रममा अनुपस्थित भएका कार्यालयहरुलाई अनुपस्थित हुनको कारण सम्बन्धमा सोधी जवाफ माग गर्ने र सोको जानकारी सम्बन्धित कार्यालयको माथिल्लो निकायमा पठाउने ।

स्थानीय विकास अधिकारी

## आर्थिक वर्ष २०७०/७१ को वार्षिक समीक्षा गोष्ठीको साराशं

२.समीक्षा गोष्ठीको साराशं र सुधारका लागि सुझावहरु (गैर सरकारी संघ संस्था तथा परियोजना तर्फ)

| क.सं. | संघ संस्था तथा परियोजना | समीक्षामा उठेका समग्र सवाल | समधानका सम्वन्धित संस्थाको जवाफ / उपायहरु | समग्र प्रगति |
|---|---|---|---|---|
| १. | दिगो भू व्यवस्थापन कार्यक्रम मन्थली | • आर्थिक अनुशासन र वजेट खर्चमा पारदर्शित नदेखिएको।<br>• आफुसँग सम्वन्धित कार्यालयसँग समन्वय गरि एकिकृत कार्यक्रम तर्जुमा र समीक्षा गरिनुपर्नेमा एक्ला एक्लै गरिएको।<br>• सञ्चालित कार्यक्रममा दोहोरोपना देखिएको।<br>• सर्वपक्षिय अनुगमन नगराईएकोले प्रस्तुतीको ल्याएका तस्विरमा विस्वास गर्ने आधार नरहेको।<br>• प्रस्तुतिकरणमा प्रशासनिक खर्चको उल्लेख नगरिएको।<br>• कार्यकम सञ्चालनको लागी स्थान छनौट गर्दा जिल्ला तहमा छलफल नगराईएको। | • नेपाल सरकारको लेखा प्रणाली अनुरुप पारदर्शी रुपमा वजेट खर्च गरिएको<br>• सम्वन्धित सरकारी कार्यालयवाट समन्वय भएमा आगामी दिनहरुमा आफूसँग सम्वन्धित कार्यालयसँग एकिकृत रुपमा कार्यक्रम तथा समीक्षा ल्याउने।<br>• सम्वन्धित कार्यालयसँग पर्याप्त समन्वय गरि कार्यक्रम गरिएकोले दोहोरोपना नभएको।<br>• सम्वन्धित कार्यक्रम तथा संस्थावाट अनुगमन गरि रकम भुक्तानी गरिएको।<br>• समीक्षामा आगामी दिनमा प्रशासनिक खर्च राखिने।<br>• जिल्ला तहमा छलफल र समन्वय गरेर मात्र स्थान छनौट गरिने। | उपस्थित |
| २. | तरकारी बिउ परियोजना (एसडिसी र सिप्रेड) मन्थली | | | उपस्थित |
| ३. | तामाकोशी सेवा समिति, मन्थली | | | उपस्थित |
| ४. | सामुदायिक विकास समाज, मन्थली | | | उपस्थित |
| ५. | पहाडी समाज कल्याण केन्द्र, दोरम्वा | | | उपस्थित |
| ६. | श्रृजनशील युवा समाज, चिसापानी | | | उपस्थित |
| **७.** | **सामुदायिक जनशक्ति विकास कार्यक्रम, गोल्माटार, ओखेनी** | | | **अनुपस्थित** |
| ८. | जनभावना युवा क्लव, टोकरपुर | | | उपस्थित |
| ९. | स्रोत व्यवस्थापन तथा ग्रामीण सशक्तिकरण केन्द्र (रिमरेक) धुलिखेल | | | उपस्थित |
| **१०.** | **नेपाल सर्वोदय सेवा केन्द्र, काठमाण्डौ** | | | **अनुपस्थित** |
| ११. | नेपाल समाज सेवा संघ, वाम्ती | | | उपस्थित |
| **१२.** | **समाज सेवी युवा क्लव, हिलैदेवी** | | | **अनुपस्थित** |
| १३. | रामेछाप व्यवसायिक महिला क्लव, रामेछाप | | | उपस्थित |
| १४. | नेपाल ग्रामीण पुर्ननिर्माण संस्था (आर.आर.एन.), मन्थली | | | उपस्थित |
| **१५.** | **गोर्खा वेलफेयर स्किम ग्रा.खापा तथा सस.का., धरान** | | | **अनुपस्थित** |
| १६. | सामुदायिक वन उपभोक्ता जिल्ला महासंघ, मन्थली | | | उपस्थित |
| १७. | इकार्डस, नेपाल | | | उपस्थित |
| १८. | ग्रामीण नारी उत्थान संघ, मन्थली | | | उपस्थित |
| १९. | जिल्ला लघु उद्यमी समूह संघ, मन्थली | | | उपस्थित |
| २०. | चारघरे सेवा समिति, रामपुर | | | उपस्थित |
| **२१.** | **सुर्योदय समाज सेवा, हिलैदेवी** | | | **अनुपस्थित** |
| २२. | आसमान नेपाल, मन्थली | | | उपस्थित |
| २३. | घरेलु तथा साना उद्योग महासंघ, मन्थली | | | उपस्थित |
| २४. | असल शासन क्लव जिल्ला समन्वय समिति, मन्थली | | | उपस्थित |
| २५. | बाल विकास समाज, मन्थली | | | उपस्थित |
| २६. | सुरक्षित आप्रवासन परियोजना, मन्थली | | | उपस्थित |

- वार्षिक समिक्षा गोष्ठीमा अनुपस्थित भएका दातृ निकाय र संघसंस्थाहरुलाई अनुपस्थित हुनको कारण सम्बन्धमा स्पष्टिकरण सोधिने र प्राप्त जवाफको आधारमा कारवाही अगाडी वढाउने।

३.समीक्षामा प्रस्तुत मुख्य विषयवस्तु एवं निर्णयहरु:

- आ.व. २०६९/७० को गाविसको कार्य सम्पादनमा आधारित रहेर आ. व. २०७०/७१ मा गरिएको गाउँ विकास समितिहरुको न्यूनतम शर्त मापनको नतिजा सार्वजनिक गरिएको, जस अनुसार जिल्लाका ५५ गाविस मध्ये ३९ गाविस सफल र १६ गाविस असफल।
- आ.व. २०६९/७० को जिविसको कार्य सम्पादनमा आधारित रहेर आ. व. २०७०/७१ मा गरिएको जिल्ला विकास समितिको न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको नतिजा सार्वजनिक गरिएको, जस अनुसार रामेछाप जिल्ला विकास समिति न्यूनतम शर्त मापनमा सफल भई कार्यसम्पादनमा ७२ अंकका साथ उत्कृष्ठ श्रेणीभित्र पर्न सफल भएर आफ्नो पूंजिगत अनुदानमा १५ प्रतिशत थप अनुदान प्राप्त गर्न सफल।
- सवै सरकारी तथा गैर सरकारी निकायले जिल्लामा सञ्चालन गर्ने कार्यक्रमलाई थप प्रभावकारी, पारदर्शि र मितव्ययी बनाउन सवै कार्यालय, विकास साझेदार तथा संघ संस्थाले सञ्चालन गरेका कार्यक्रमहरुको जिल्ला विकास समितिको नेतृत्वमा अनुगमन गर्ने।

स्थानीय विकास अधिकारी

# आर्थिक वर्ष २०७०/७१ को वार्षिक समीक्षा गोष्ठीको साराशं

४.वक्ताका सुझावहरु:

क) वद्रि नयाँघरे, पत्रकार महासंघ:

- समीक्षा उपलब्धिमूलक रहेको, सवै सरोकारवालाहरु समीक्षामा देखिए जस्तै रामेछापको विकासमा गम्भिर हुनुपर्ने ।

ख) अन्जान लामा, नेकपा–माओवादी:

- योजना तर्जुमा र समिक्षामा आवधिक योजनालाई पछ्याउनुपर्ने ।
- योजनाको अनुगमन पश्चात भुक्तानी दिनु सह्रानीय भएको आगामी दिनमा अझ प्रभावकारी वनाउनुपर्ने ।
- सवै कार्यालयका कार्यक्रमलाई अनुगमनको दायरामा ल्याउनुपर्ने ।

ग) रमेश अधिकारी, राप्रपा नेपाल:

- समीक्षामा उठेका सवालिहरुलाई सम्वोधन गरि आगामी दिनहरुमा कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनुपर्ने ।

घ) तारा नारायण श्रेष्ठ, एनेकपा माओवादी:

- विगतको तुलनामा थुप्रै सुधारहरु भएपनि अपेक्षित प्रगति हुन सकेन ।
- राज्यको नीति सफल वा असफल हुनुमा कार्यान्वयनकर्ताले सही रुपमा कार्यान्वयन गर्‍यो गरेन भन्ने कुराले निर्धारण गर्ने हुँदा कार्यान्वयनकर्ता गम्भिर हुनुपर्ने ।
- गाविसको वार्षिक वजेट तोकिएको समयमा नहुनुमा जिविसको पनि कमजोरी रहेकोहुँदा जिविसको भूमिका थप प्रभावकारी वनाईनुपर्ने ।
- जिविसले न्युसकास अनुरुपका कार्यहरु समयमा सम्पादन गरिनुपर्ने ।
- योजना तर्जुमा र समिक्षामा आवधिक योजनालाई ध्यान दिनुपर्ने ।
- जिविसको वजेट फ्रिज हुनुमा ठेकेदार, कर्मचारी, राजनीतिक दल, उपभोक्ता क-कसको कति जिम्मेवारी हुने भन्ने विश्लेषण गरिनुपर्ने ।
- ठेक्का सम्झौता गरेर कार्यक्रम नगर्ने फर्म/कम्पनीलाई कालोसूचिमा राख्नुपर्ने ।

ङ) शान्ति प्रसाद पौडेल, नेकपा एमाले:

- वार्षिक योजना आवधिक योजनाको कति नजिक छ भन्ने विश्लेषण हुनपर्ने ।
- योजना सम्झौता गर्ने अन्तिम अवस्थामा कार्यालय प्रमुखको सरुवा हुनुले पनि वजेट फ्रिज भएकोले यस सम्वन्धमा नेपाल सरकार गम्भिर हुनुपर्ने ।
- स्थानीय स्वायत्तताको प्रतिकूल हुने गरि केन्द्रबाट आ.व.को अन्तमा समेत योजना तोकिएर आउनु गलत भएकोले त्यस्ता योजनालाई Ignore गर्नुपर्ने ।
- कुनकुन क्षेत्रमा कति वजेट विनियोजन र कति खर्च भयो र त्यसको कति भौतिक प्रगति भयो भन्नेकुरा समीक्षामा विस्तृत रुपमा आउनुपर्ने ।

स्थानीय विकास अधिकारी

# आर्थिक वर्ष २०७०/७१ को वार्षिक समीक्षा गोष्ठीको सारांश

च) झपडराज भण्डारी, नेपाली कांग्रेस:

- कामै नगरि वा तोकिएको गुणस्तरमा काम नगरि पैसा भुक्तानी लिने प्रवृतिलाई निरुत्साहित गर्न अनुगमन पश्चात भएको कामको आधारमा मात्र भुक्तानी दिने परिपाटीको विकास गर्नु स्वागतयोग्य भएको ।
- गाविस सचिवमाथि जिविसले प्रशासनिक नियन्त्रण वढाउनुपर्ने ।
- श्रोत केन्द्रका RP हरुको कामको शिक्षा कार्यालयले निगरानी गर्नुपर्ने ।
- तस्विरमा देखाईए अनुरुप गैससवाट काम भए नभएको जिविसको नेतृत्वमा अनुगमन गरिनुपर्ने ।

छ) सम्भुप्रसाद मरासिनी, प्रमुख जिल्ला अधिकारी:

- समग्र प्रगति सन्तोषजनक रहेको ।
- राजनीतिक दलका सुझावहरुलाई आत्मसात गर्दै कमी कमजोरी सुधार गर्नुपर्ने ।
- जिल्लाको विकासमा महत्वपूर्ण काम गर्ने कार्यालय जिल्लाम नहुँदा शान्तिसुरक्षामा समेत असर पुगेको, महत्वपूर्ण कार्यालय जिल्लामा नहुँदा अपेक्षित काम हुन नसकेकोले त्यस्ता कार्यालयलाई आफ्नो जिम्मेवारी वोध गराउन प्रयत्न गरिने ।
- गैससको कार्यक्रम माथि समीक्षामा खासै प्रश्न नहुनु भित्र गैससको आर्थिक अनुशासन र पारदर्शिताको प्रश्न रहेको ।
- केही कार्यक्रममा दोहोरोपना देखिएको ।
- नियमित सार्वजनिक सुनुवाई गरिनुपर्ने भएकोले जिल्ला प्रशासन कार्यालयले पनि यसमा आफ्नो भूमिका वढाउने ।
- गाविस सचिवहरु गाउँमा नवस्नुका कारणहरु खोजी तिनिहरुको समाधान गर्दै गाविस सचिवहरुलाई गाउँ पठाउनुपर्ने ।
- योजना तर्जुमा गर्दा शान्ति सुरक्षाको पाटोलाई महत्व नदिईएको तर विकास योजनालाई प्रभावकारी वनाउन शान्ति सुरक्षा महत्वपूर्ण Component रहेकोले शान्ति सुरक्षालाई समेत स्थान दिनुपर्ने ।

५. उठेका प्रश्नहरुको जवाफ /आफ्ना भनाई सहित कार्यक्रम समापन:

टेकराज निरौला, स्थानीय विकास अधिकारी:

- गाविस सचिवलाई गाउँमै रहेर सेवा प्रवाह गर्ने प्रवन्ध मिलाउन जिविस सचेत रहेको ।
- जिविसले चालेका सुधारका कदमहरु जस्तै-आन्तरिक श्रोत वृद्धि, गाविस सचिवलाई गाउँ पठाउने विषय, योजनाको अनुगमन पश्चात मात्र भुक्तानी दिने जस्ता विषयहरुलाई प्रभावकारी वनाउन सवैले सहयोग गर्नुपर्ने ।
- जिल्ला दररेट समय सापेक्ष वनाईने ।
- समीक्षामा उठेका सवाल तथा प्राप्त सुझावहरुलाई जिविसको पुँजिको रुपमा ग्रहण गर्दै प्राप्त सल्लाह सुझावका आधारमा आगामी नीति, कार्यक्रम तथा वजेटको तर्जुमा गर्ने ।

स्थानीय विकास अधिकारी

## वार्षिक समीक्षाका केही झलकहरुः











